# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, असोज २७ गते, २०७९ साल (सङ्ख्या ०५

## भाग ३

### गण्डकी प्रदेश सरकार

### अर्थ मन्त्रालयको सूचना

प्रदेश सरकार, गण्डकी प्रदेश, मन्त्रिपरिषद्ले आर्थिक ऐन, २०७९ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐनमा उल्लेख भएको करको दर हेरफेर गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छः-

(क) आर्थिक ऐन, २०७९ मा उल्लेख भएका शुल्क तथा करको दर मध्ये देहायको विषयमा आर्थिक ऐन, २०७८ मा व्यवस्था भए बमोजिम गर्नेः-

१. अनुसूची-१ को खण्ड (क) अन्तर्गत घरजग्गा लगायतका रजिष्ट्रेशन शुल्क र घरजग्गा रोक्का शुल्कको क्रमसंख्या ४ अंशबण्डा तथा अंश

भरपाई लिखतको (क), (ख), (ग), (घ) र (ङ) मा उल्लेख भएको रजिष्ट्रेशन शुल्क,

२. अनुसूची - १ को खण्ड (ख) अन्तर्गत सेवा शुल्कको क्रमसंख्या (६) को (क) मा उल्लेख भएको तीन पुस्ता भित्रको नामसारी र (ख) मा उल्लेख भएको तीन पुस्ता भन्दा बाहिरको नामसारी गर्दा लाग्ने शुल्क,

३. अनुसूची- २ को खण्ड (क) सवारी साधन कर अन्तर्गत प्रकरण (२) को भाडामा दर्ता भएका सवारी साधन कर अन्तर्गत (क) देखि (झ) सम्म लाग्ने सवारी साधन कर।

(ख) आर्थिक ऐन, २०७९ को अनुसूची -२ को क्रम संख्या ६ बमोजिम सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा पाउने छुटको सीमा तेत्तीस प्रतिशतको सट्टा साठी प्रतिशत नै कायम गर्ने।

आज्ञाले,
राजेन्द्र बन्धु अर्याल
प्रदेश सरकारको निमित्त सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय, मूल्य रु.१०।-